विश्व मानचित्रमा काठेखोला गाउपालिका  २८$^{0}$ १५ ” उत्तरी आक्षांश देखि २८$^{0}$ ३७” उत्तरी आक्षांश सम्म र करिव ८३$^{0}$ पर्वी देशान्तर देखि८३ २६” पर्वी देशान्तर सम्म कुल ८२.८८ वर्ग कि.मि. क्षेत्रफमा फैलिएर रहेको छ । २६,०८३ कुल जनसङख्या रहेको यस गाउपालिकामा १०,९६३ जना महिला र १५,१२० जना पुरुष रहेका छन । आठ वटा वडा रहेको यस गाउपालिकामा चारैतिरबाट अन्य सवै वडाले घेरिएर रहेको मध्य भागमा अध्ययन क्षेत्र काठेखोला गाउपालिकाको वडा नं ६ पर्दछ । साविकको विहुकोट गा.वि.स. को वडा नं १, २, ३ र ४ मिलेर बनेको यस वडाको कुल जनसंख्या करिब २७०० र कुल क्षेत्रफल ६.८४ वर्ग कि.मी. रहेको छ ( काठेखोला गाउँपालिकाको योजना पुस्तिका, आ.व.२०७५/७६ ) ।

## सामाजिक सास्कृतिक अवस्था

अध्ययन क्षेत्रका सबै मानिसले हिन्दु धर्म मान्दछन । प्रत्येक थुम्का थुम्कामा विभिन्न देवीदेवताका मठ मन्दिरहरु रहेका छन । ब्रह्मण समुदाय रहेकाले मानिसहरु नैतिक आचरणप्रति प्रतिबद्ध छन । महिलाहरु विभिन्न किसिमका ब्रत बस्ने गर्दछन । सप्ताह ,पुराण, धनधान्यान्चल, माहायज्ञ आदि धार्मिक कार्यक्रमहरु आयोजना गर्ने गरिन्छ । दशै तिहार तिज आदि चाडपर्वको अवसरमा विभिन्न मेला, महोत्सव, खेलकुद तथा साँस्कृतिक कार्यक्रमहरु पनि हुने गर्दछन (स्थलगत अध्ययन, २०७५) ।

## जातिय सँरचना

देश भित्रका कंडेल जातिको उत्पत्ति स्थलको रुपमा चिनिने यस क्षेत्रमा मुख्यतया कडेल थरका ब्राह्मण समुदायको बसोवास रहेको छ । करिव ९० प्रतिशत ब्राह्मण र बाकी १० प्रतिशत क्षेत्री, मगर र दलित जाति रहेका छन । मगर जातिको सँख्या अत्यन्त न्युन रहेको छ । दलित र गैरदलित विच जातिय असमानता देखिएपनि आपसी सहयोग आदानप्रदान र भाइचाराको सम्बन्ध स्थापित भइ मिलेर बसेको देखिन्छ  (स्थलगत अध्ययन, २०७५) ।

## शिक्षा

यस क्षेत्र शिक्षाको दृष्टिले गाउपालिकाको अन्य वडा भन्दा अग्रणी स्थानमा रहेको छ । भिमसेन मा.वि सहितको  भिमसेन क्याम्पस यहाँको मुख्य शैक्षिक संस्था हो यसमा शिक्षा तथा मानविकी संकायमा स्नातक तह सम्मको अध्यापन हुन्छ साथै प्राविधिक तहमा ओभरसियर सम्मको अध्यापन हुन्छ । इन्जिनियरिङ तह थप गर्ने मनासयमा क्याम्पस रहेको देखिन्छ । यस क्षेत्रमा अन्य २ वटा आधारभत विद्यालय र ४ वटा प्राथमिक विद्यालय

रहेका छन । यहाँका अधिकाँस मानिसहरु शिक्षित छन र शिक्षक पेशामा सँलग्न छन । हाल क्याम्पस रहेतापनि धेरै विधा नभएको र धेरै जसोको आर्थिक अवस्था सवल भएकाले उच्च शिक्षा अध्ययनको लागि काठमाडौ पोखरा जानेहरु वढि सँख्यामा रहेका छन (स्थलगत अध्ययन, २०७५) ।

### स्वास्थ्य

यस अध्ययन क्षेत्रमा सरकारी स्तरमा एउटा स्वास्थ्य चौकी र एउटा आर्युबेद औषधालय रहेको छ । यहाँका मानिसहरुले सामान्य उपचार सेवा यिनै स्वास्थ्य सँस्थाबाट लिने गरेका छन भने ठुलो स्वास्थ्य समस्या पर्दा तथा बर्षमा एकपटक नियमित चेकजाचका लागि पोखरा तथा काठमाडौसम्म पुग्ने गरेका छन । सदरमुकाम पनि केवल १० किमी को दुरीमा रहेको तथा यातायातको राम्रो सुविधा भएकाले धेरै स्थानियवासीहरु धौलागिरी अञ्चल अस्पताल र सदरमुकामका निजी अस्पतालका साथै क्लिनिकबाट स्वास्थ्य सेवा तथा परिवार नियोजनका विभिन्न सेवा लिइरहेका छन (स्थलगत अध्ययन, २०७५) ।

### खानेपानी तथा सिचाई

यस क्षेत्रमा खानेपानीको राम्रो सुविधा छ । सार्वजानिक धारा रहनुका साथै धेरै मानिसहरुले घरमा पानी संकलनको ब्यबस्था मिलाई सुबिधा सम्पन्न तरिकाले खानेपानीको उपभोग गरेका छन । यस वडामा ठुला पानीका मुहानहरु नरहेको र सिचाइको पानी स्रोत काठेखोला तथा भुदीखोलाबाट पर्मपिङ बाहेक अन्य विकल्प नरहेको देखिन्छ । हाल यहाँ सिंचाईको कुनै सुबिधा छैन । आकाशे पानीका भरमा यहाँका किसानहरुले खेति गरिरहेका छन (स्थलगत अध्ययन, २०७५) ।

### यातायात, विद्युत र सञ्चार

यस अध्ययन क्षेत्रमा यातायातको राम्रो सुबिधा रहेको छ । मध्यपहाडी लोकमार्गले यस वडाका सवै वस्तीलाई छोएर गएको छ । साथै लोकमार्ग घुमाउरो भएकोले स्थानियबासीले विभिन्न ३ ठाउँबाट छोटो बाटो बनाई राजमार्गसंग जोडेका छन । राजमार्गबाट अन्य क्षेत्र लेखानी, रेश तंग्राम जाने शाखा बाटाहरु पनि यसै क्षेत्र भएर जाने भएकाले यहाँ यातायातको राम्रो सुबिधा रहेको देखिन्छ । लोकमार्ग कालोपत्रे हुने क्रममा रहेको छ । यस क्षेत्रका सवै घरधुरीमा केन्द्रिय प्रसारणको बिद्युत सेवा उपलब्ध छ । लोडसेडिङको समस्या र आर्थिक

सम्पन्नताका कारण धेरै जसो घरधुरीमा सोलार तथा इन्भर्टरको ब्यवस्था समेत रहेको छ । यहाँका सवै मानिसहरुले मोबाइल फोन प्रयोग गर्दछन । ल्याण्डलाइन फोन सुविधा छैन र यहाका एक स्थानिय कृष्ण कंडेलले केवल टि.भी. तथा इन्टरनेट ब्यावसाय गाउँबाट नै चलाई काठेखोला गाउपालिका भरी नै सेवा विस्तार गरेकाले नेटको पनि अन्य ग्रामिण इलाकाहरुमा भन्दा राम्रो सुविधा छ । परिवारको कम्तीमा पनि एक सदस्य विदेश रहेकाले धेरै घरपरिवारले इन्टरनेट जडान गरेका छन जसवाट वरिपरीका छिमेकी पनि लाभान्वित भएका छन (स्थलगत अध्ययन, २०७५) ।

## कृषि उत्पादन

यस अध्ययन क्षेत्रमा सिचाईको सविधा नभएकाले मकै, कोदो र गहुँ उत्पादन हुने मुख्य खाद्य बाली हुन । कृषियोग्य जमिन कम रहेको यस क्षेत्रमा तरकारी र खाद्यबाली भन्दा फलफुल बढि उत्पादन हुने गरेको छ । यस क्षेत्र सुन्तला खेतीको लागि प्रख्यात छ । सुन्तला खेती ब्यावसायिक रुपमा पर्वधन गर्न काठेखोला गाउँपालिकाले यस वडालाई सुन्तला पकेट क्षेत्र घोषणा गरी सो कार्यक्रमका लागि बजेट समेतको ब्यबस्था गरेको छ (स्थलगत अध्ययन, २०७५) ।

## उद्यम तथा रोजगारीको अवस्था

यस क्षेत्रका अधिकास मानिसहरु रोजगारीका सिलसिलामा विदेश छन । जापान यहाको आर्कषक बैदेशिक रोजगारीको लागि गन्तब्य स्थल हो । अध्ययन र भ्रमणका लागि युरोप अमेरिका र अष्ट्रेलिया जाने र उतै काम गरी बसोबास गर्ने युवा पुस्ताको सँख्या पनि प्रशस्तै रहेको छ । नेपालमा जागिर गर्नेहरुमा क्याम्पसका प्राध्यापक र शिक्षकहरु वढि छन । कृषि पेसामा संलग्न जनशक्तिहरुले सुन्तला खेती र दुध विकी गरी राम्रो आयआर्जन गरेका छन । यसरी यहाँको समाज मध्यम वर्गिय समाजको रुपमा रहेको छ (स्थलगत अध्ययन, २०७५) ।